## अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ८ प्रकाशन मिति: २०८२/०९/२८

**भाग-२**

**भीरकोट नगरपालिका**


## भीरकोट नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०९/२४

**प्रस्तावना**

भीरकोट नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण, सेवा प्रवाह तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धी कामकारबाहीलाई दीगो, वातावरणमैत्री, पारदर्शी, गुणस्तरीय र जनसहभागितामूलक बनाउन तथा सुशासन प्रर्वद्धन गरी अपेक्षित नतिजालाई सुनिश्चित गर्न नगरपालिकाको नीति, कानून, आवधिक तथा वार्षिक कार्यक्रम बमोजिम सञ्चालित योजना, आयोजना, कार्यक्रम, परियोजनाको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने संस्थागत तथा कानुनी प्रबन्ध गर्न बाञ्छनीय भएकाले, नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भीरकोट नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि,२०८२ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगले अको अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यपालिका"** भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

ख) **"नगरपालिका"** भन्नाले भीरकोट नगरपालिका सम्झनु पर्छ ।

ग) **"समिति"** भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ ।

घ) **"अनुगमन"** भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ।

ङ) **"आयोजना"** भन्नाले नगरपालिकाको सञ्चित कोषवाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एवं सामुदायिक संस्थाबाट सञ्चालित विकास निर्माण कार्य समेतलाई जनाउँछ ।

च) **"कार्यकम"** भन्नाले नगरपालिकाको सञ्चित कोषबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एवं सामुदायिक संस्थावाट सञ्चालित कार्यक्रम समेतलाई जनाउँछ।

छ) **"नागरिक समाज"** भन्नाले नगरपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि क्रियाशील संस्था वा व्यक्ति सम्झनु पर्छ।

ज) **"प्रतिवेदन"** भन्नाले दफा ६ बमोजिमको समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

झ) **"विषयगत समिति"** भन्नाले कार्यपालिकाबाट गठन गरिएका विषयगत जिम्मेवारी तोकिएका समिति सम्झनु पर्छ ।

ञ) **"सुपरिवेक्षण"** भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी या पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ।

ट) **"संयोजक"** भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुगमन तथा मूल्याङ्कनको क्षेत्र

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः-

(क) अनुगमन समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

(ख) अनुगमन तथा सुपरीवेक्षण कार्यलाई परिणाम र उपलब्धी प्राप्तिको औजारका रुपमा अपनाउने,

(ग) स्थानीय आयोजना र कार्यक्रम कार्यान्वयनमा स्रोत साधन र लाभग्राहीहरुको अपेक्षाविच सन्तुलन कायम गर्ने ।

(घ) अनुगमन कार्यमा संलग्न व्यक्ति वा समूहलाई मार्गदर्शन गरी अनुगमन प्रक्रियालाई पारदर्शी र नियमित बनाउने ।

४. **अनुगमनका लागि आयोजना तथा कार्यक्रमको वर्गीकरण:** (१) अनुगमन तथा सुपरीवेक्षणका लागि आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्रका आधारमा देहायबमोजिम वर्गिकरण गरिनेछ ।

(क) पूर्वाधार विकास आयोजनाहरु,

(ख) क्षमता अभिवृद्धि र सिप विकास सम्बन्धी कार्यक्रमहरु,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्दमशिलता प्रवर्द्दन गर्ने आयोगजा र कार्यक्रमहरु,

(घ) वडास्तरिय साना आकारका आयोजना तथा कार्यक्रमहरु ।

(२) उपदफा (१) बमोजिम वर्गिकृत आयोजना र कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरी यस कार्यविधिको विभिन्न दफामा भएका विभिन्न समितिबाट अनुगमन हुनेछ ।

५. **<u>नगरस्तरिय अनुगमन समितिः</u>** (१) नगरपालिकाको कार्य विभाजन नियमावली अनुसार नगरयोजना, आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय बमोजिमको एक नगर अनुगमन समिति गठन हुनेछः

(क) नगर उपप्रमुख -संयोजक

(ख) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य, एकजना दलित सदस्यसहित दुई जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्वन्धित विषयसँग सम्वन्धित शाखा प्रमुख - सदस्य

(घ) शाखा प्रमुख, योजना तथा अनुगमन शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिमा कार्यपालिकाले नागरिक समाज, पत्रकार, प्राविधिक शाखा, लेखा तथा प्रशासन शाखाका अन्य कर्मचारी, योजना र कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिहरु लगायतबाट समेत प्रतिनिधित्व रहने गरी आमन्त्रित सदस्यको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिले आफ्नो कामलाई छिटोछरितो बनाउन विषयगत अनुगमन टोली/कार्यदलहरु गठन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित वडाको वडा अध्यक्ष उक्त वडाभित्र गरिने अनुगमन समिति सदस्यको रुपमा रहनेछ ।

(५) आयोजनाहरुको अनुगमन गर्ने कार्यका लागि समितिले नगर प्रमुखलाई समेत आमन्त्रित गर्न सक्नेछ ।

६. **<u>अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u>** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन तालिका अनुसार काम भए, गभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सोबमोजिम काम गर्न लगाउने,

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरीवेक्षण र मूल्यांकन गर्नुपर्नेमा सो अनुरुप गरे, नगरेको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(घ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्बन्धमा आवश्यक सुपरीवेक्षण गर्ने,

(ड) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने,

(च) कुनै योजना तथा कार्यक्रमको बजेट, नामकरण, बजेट शीर्षक बजेट रकमान्तर गरी संशोधन गर्नुपर्ने भएमा अनुगमन गरी नगर कार्यपालिका समक्ष सिफारिस गर्ने,

(छ) विषयगत शाखा र अन्य क्षेत्रवाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ज) गैरसरकारी संस्थाद्वारा संञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने,

(झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु निमित रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

७. <u>**अनुगमन कार्यविधिः**</u> (१) अनुगमन समितिले अनुगमन तथा सुपरीवेक्षणको कार्य गर्दा सामान्यतया कार्यतालिका निर्धारण गरी आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा संलग्न पदाधिकारी तथा लाभग्राहीहरुलाई समेत पूर्वसूचना दिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुपरीवेक्षण कार्यका लागि कार्यतालिका निर्धारण नगरिकन पनि सो कार्यान्वयन स्थलमा जान तथा अनुगमन गर्न सकिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रमुखले पूर्वसूचना दिई वा नदिईकनै आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) अनुगमन तथा सुपरीवेक्षणको कार्यक्रम तालिका बारे नगर प्रमुखलाई जानकारी दिएको हुनुपर्दछ ।

(५) अनुगमन समितिले सम्बन्धित पालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्दी उम्मेद्वार वा दलसँग समेत छलफल गरी पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

(६) अनुगमन समितिले नगर क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षणको क्रममा देहायका मध्ये कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछः

(क) कार्यान्वयनमा संलग्न व्यक्त्त समूह वा निकायबाट नियमित प्रतिवेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) सरोकारवालाहरुसँग छलफल आयोजना गर्ने,

(ङ) सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक परिक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ।

८. **<u>अनुगमन तालिका तयार गर्नुपर्नेः</u>** (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना तथा कार्यक्रमहरुको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई अनुगमन समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले स्वीकृत प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत तालिका समग्र रुपमा आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनकर्ता, उपभोक्ता समिति, निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक कम्पनी वा संस्था र सम्बन्धित वडा समितिलाई अग्रिम रुपमा जानकारीका लागि उपलब्ध गराउन सकिनेछ।

९. **<u>अनुगमन कार्यको खर्च र बन्दोवस्तीः</u>** (१) अनुगमन समितिले अनुगमन तालिका बमोजिम आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको लागि लाग्ने खर्च विनियोजित बजेट अनुसार हुनेछ।

(२) स्वीकृत तालिका बमोजिम अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक स्रोत र साधनको व्यवस्था मिलाउने दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षणमा संलग्न टोली सदस्य तथा आमन्त्रित अन्य सदस्यहरुको भत्ता वा सुविधा प्रतिदिन प्रति व्यक्ति रु. एक हजार हुनेछ । अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्य कार्यालय समय वा कार्यालय समयभन्दा अगाडि वा पछाडि गर्न सकिनेछ ।

(४) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण सम्बन्धि कार्यको सञ्चालन गर्ने, अनुगमन प्रतिवेदनको अभिलेख राख्ने र जनसमुदायबाट प्राप्त पृष्ठपोषणलाई लिखित रुपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने कार्य सदस्य सचिवले गर्नेछ ।

१०. **अनुगमनको क्रममा लेखाजोखा गर्नुपर्ने विवरणः** (१) पुर्वाधार विकास सम्बन्धि आयोजनाहरुको अनुगमन गर्दा अनुसूची-१ बमोजिमका विवरणहरुको लेखाजोखा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखा गर्दा आयोजना कार्यान्वयनको प्रारम्भिक चरणमा देहायका विषयमा अनुगमन गर्नुपर्नेछ।

(क) बजेट रकमको आकार

(ख) आयोजना कार्यान्वयन गरिने स्थान

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर आदि

(ङ) आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्ति स्रोत र सोको गुणस्तर

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन

(३) पूर्वाधार आयोजनाको निर्माणाधीन अवस्थामा नियमित प्रक्रियागत अनुगमन र निर्माण सम्पन्न भएपछि अन्तिम अनुगमन गरिनेछ। अन्तिम अनुगमन देहायका विषयमा गर्नुपर्नेछ।

(क) आयोजना स्वीकृत जिजाइन अनुसार सम्पन्न भए/नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए/नभएको,

(ग) निर्माण कार्यको गुणस्तर,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य,

(ङ) आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको अवस्था भए/नभएको,

(४) क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धि कार्यक्रमको अनुगमन गर्दा अनुसूची-२ बमोजिमको कार्यक्रमको लागत सहभागिता, समयावधि, सिकाईका विषयबस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गर्नुपर्नेछ ।

(५) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशिलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची-२ बमोजिमको लाभग्राही समुदायले नगरपालिकाबाट प्राप्त अनुदान रकम, प्रदान गरिएका यन्त्र, औजार र उपकरण, प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको स्तर जस्ता विवरणहरु संलग्न गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुगमन कार्य गर्दा त्यस्तो आयोजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी कार्यान्वयनमा आइसकेको हुनुपर्नेछ ।

(७) वडास्तरीय आयोजनाको अनुगमन अनुसूची-४ बमोजिम सम्बन्धित वडाको वडा समितिले अनुगमन गरी नगरस्तरीय अनुगमन समितिमा पठाउनुपर्नेछ ।

११. **अनुगमन र सुपरीवेक्षणको क्रममा गर्नुपर्ने प्रक्रियाः** (१) अनुगमन तथा सुपरीवेक्षणमा जाँदा संलग्न सदस्य र सम्बन्धित आयोजना वा कार्यक्रमको अवस्था झल्किने गरी तस्वीर लिएको हुनुपर्छ र त्यस्तो तस्वीर अनुगमन प्रतिवेदनको अंशका रुपमा संलग्न गर्नुपर्नेछ ।

(२) अनुगमन तथा सुपरिवेक्षण कार्यको प्रतिवेदन अनुसूची-३ बमोजिम तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्दछ ।

(३) आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

(४) वडा स्तरीय आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी वडा समितिको सिफारिस अनुसार हुनेछ ।

(५) अन्तिम किस्ता भुक्तानी दिनुअधि अनुगमन प्रतिवेदनले औंल्याएका गम्भीर प्रकृतिका सुधार गर्नुपर्ने आवश्यकतालाई सम्बन्धित कार्यान्वयनकर्ताले सुधार गरेको हुनुपर्नेछ ।

१२. **<u>आचार संहिताः</u>** (१) अनुगमन गर्ने व्यक्ति वा पदाधिकारीले कुनै किसिमको राजनीतिक आग्रह वा पूर्वाग्रह नराखी काम गर्नुपर्नेछ ।

(२) अनुगमन गर्दा देखिएको वस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनुपर्नेछ ।

(३) अनुगमनमा प्रतिवेदन व्यक्ति विशेष केन्द्रित नभई संस्थागत विषय र सवालमा केन्द्रित हुनुपर्नेछ ।

(४) समग्र अनुगमन प्रतिवेदन सुधार र पृष्ठपोषणको लागि सहयोगी हुनेगरी तयार गर्नुपर्नेछ ।

१३. **<u>विविधः</u>** (१) वडास्तरीय समितिबाट गरिने अनुगमनमा यस कार्यविधिमा भएका व्यवस्थालाई सम्भव भएसम्म अवलम्बन गर्नुपर्नेछ ।

(२) वडास्तरीय समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र नगरस्तरीय अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गर्नसक्नेछ ।

(४) समितिले अनुगमन गर्दा प्राप्त गरेको अनुभवका आधारमा कार्यपालिकाले समय समयमा यस कार्यविधिमा आवश्यक परिमार्जन वा हेरफेर तथा अनुसूचीमा थपघट वा संशोधन गर्नसक्नेछ।

(६) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

भीरकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

## आयोजना अनुगमन फारम

१. योजनाको नामः

२. स्थानः

३. ल.इ. रकमः

४. विनियोजित रकमः

५. आयोजना शुरु भएको मितिः

६. आयोजना सम्पन्न हुने/ भएको मितिः

७. उपभोक्ता समिति गठन भएको मितिः

८. उपभोक्ता समितिको अध्यक्षको नामः

१०. आयोजनामा भए गरेका मुख्य क्रियाकलापहरुः

११. हाल सम्मको योजनाको अवस्थाः

१२. आयोजनामा देखिएका समस्याहरुः

(क)

(ख)

(ग)

(घ)

१३. उपभोक्ताको रायः

(क)

(ख)

१४. अनुगमनकर्ताको रायः

(क)

(ख)

१५. आयोजना अनुगमन गरिएको मितिः

अनुगमन गर्ने पदाधिकारी/कर्मचारीहरुको विवरण

| सि नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |

**अनुसूची-२**

**दफा १० को उपदफा (४) र (५) संग सम्बन्धित)**

**क्षमता अभिवृद्धि र सीप विकास, स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमहरु अनुगमनको क्रममा लेखाजोखा गर्नुपर्ने विवरणहरु**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नामः | |
| आयोजना कार्यक्रम हुने/भएको स्थान: | |
| अनुगमन मिति: | |
| संलग्न टोली सदस्यहरुको नाम: | |
| कार्यक्रमको लागत अनुमान: | |
| कार्यान्वयनकर्ताको नाम: | |
| कार्यान्वयन शुरु मिति: | |
| कार्यक्रम सम्पन्न हुने मितिः | |
| लाभान्वित हुने परिवार/नागरिक संख्याः | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु: | |
| लाभग्राहीहरुको धारणा र सुझाव: | |
| अपेक्षित उपलब्धीः | |
| सिकाई र प्राप्तिको स्तरः | |
| सुधार गर्नुपर्ने विषयहरु : | |
| कार्यान्वयनकर्तालाई सुझावः | |
| तस्वीहरु | |

| | |
|---|---|
| संलग्न शाखा प्रमुखको रायः | |

**अनुसूची-३**

**(दफा ११को उपदफा (२) सँग सम्बन्धित)**

**अनुगमन प्रतिवेदनको ढाँचा**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| अनुगमनमा संलग्न टोली सदस्यहरुको नाम | |
| कार्यान्वयनकर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना पूरा हुने प्रस्तावित मिति | |
| सम्पन्न गर्न लाग्ने अवधि | |
| परियोजनाको लागत थपघट हुने अवस्था | |
| लाभान्वित हुने परिवार/नागरिक संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु | |
| लाभग्राहीहरुको धारणा र अपेक्षा | |
| शुरुवाती डिजाइनमा हेरफेर भएको भए सोको विवरण (तस्वीर सहित) | |
| भौगोलिक एवं वातावरणीय प्रभाव | |
| लक्षित समूहको उत्थानमा पुग्ने योगदान | |
| कार्यान्वयनका क्रममा गर्नुपर्ने सुधार (बुँदागत उल्लेख गर्ने) | |
| कार्यान्वयनकर्तालाई विशेष सुझाव | |
| तस्वीरहरु | |
| सम्वद्ध विषयगत कर्मचारीको राय/सुझाव | |

| | |
|---|---|
| हस्ताक्षर (संयोजकको अनिवार्य) | |

## अनुसूची-४
## (दफा १० को उपदफा (७) सँग सम्बन्धित)
## वडास्तरीय अनुगमन प्रतिवेदन

**१. अनुगमन समितिका पदाधिकारी**

संयोजक श्री ..........................................

सदस्य श्री ...........................................

सदस्य श्री ...........................................

सदस्य श्री ...........................................

सदस्य श्री ...........................................

सदस्य श्री ...........................................

सदस्य सचिव श्री ....................................

२. योजनाको नामः ...................................... ठेगानाः ....................................

३. लागत अनुमान रकम रु. ..........................

४. उपभोक्ता समितिको अध्यक्ष श्री ............................................

५. योजना सम्झौता मितिः .........................................................

६. योजना सम्पन्न भएको मितिः ................................................

७. मूल्याङ्कन रकम रु. ............ अक्षरुपी (............................................................)

८. योजनाको गुणस्तरः (क) राम्रो (ख) सन्तोषजनक (ग) नराम्रो

९. योजनाको बारेमा आम जनसमुदायको भनाईः

........................................................................................................................

........................................................................................................................

.........................................................................................

१०. योजना अनुगमन सम्बन्धमा अनुगमन समितिको धारणाः

........................................................................................................................

........................................................................................................................

....................................................................................................................

........................................................

११. अन्तिम रकम भुक्तानी तथा फरफारका लागि सिफारिस .................... (गर्ने/नगर्ने)

१२. अनुगमन समितिको अन्य भनाइः

...............................................................................................................

.....................................................................................................................

.........................................

**अनुगमन समितिको पदाधिकारीहरुको दस्तखतः**

| ............... | .................. | .................. | .................. | ..................... |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |

आज्ञाले,

लक्ष्मण लम्साल

प्रमुख प्रशासकीय अधिकृत